# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०१।२२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------

जिल्ला कास्की, पोखरा महानगरपालिका स्थित श्री काहुँ आधारभूत विद्यालयका तत्कालीन प्रधानाध्यापक अम्विका गौतमले झुट्टा/नक्कली प्रमाणपत्र पेश गरी शिक्षण पेशा गरेकोले छानबिन गरी कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, इलाहाबाद, भारतबाट हाइस्कुल परीक्षा उत्तीर्ण गरेको झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी शिक्षक पदमा अस्थायी नियुक्ति तथा पछि स्थायी नियुक्ति लिई निमित्त प्रधानाध्यापक भई राष्ट्रसेवक शिक्षकको ओहदा पाई लाभ सुविधा पाउने उद्देश्यले झुट्टा/नक्कली प्रमाणपत्र पेश गरेको देखिँदा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेको पुष्टि भएकोले निज अम्विका गौतमलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता